प्यान्डेमिक इलेक्ट्रोनिक बेनिफिट ट्रान्सफर (P-EBT)

कृपया ध्यान दिनुहोस्: P-EBT का लागि योग्य हुन तपाईंले निःशुल्क वा सुपथ-मूल्यको स्कुल भोजनका लागि साइन अप गरेको हुनैपर्छ । मे 6, 2022 सम्ममा शैक्षिक वर्ष 2021-2022 का लागि निःशुल्क वा सुपथ-मूल्य भोजनका लागि आवेदनहरू पेस गरिसक्नुपर्ने छ । आफ्नो स्कुललाई सम्पर्क गर्न यो टुल प्रयोग गर्नुहोस्: भोक विरुद्ध युटाबासी (Utahns Against Hunger) (https://www.uah.org/get-help/school-meals)।

P-EBT के हो ?

तपाईंका बच्चाहरूले शैक्षिक वर्ष 2021-2022 को अवधिमा कुनै पनि बेला COVID सँग सम्बन्धित आपत्कालीन अवस्थाले गर्दा स्कुल बन्द भएर वा स्कुल जान नसकेको कारणले स्कुलमा दिइने निःशुल्क वा सुपथ मूल्यको भोजनमा अस्थायी रूपमा पहुँच गुमाए भने प्यान्डेमिक इलेक्ट्रोनिक बेनिफिट ट्रान्सफर (P-EBT) ले तपाईंलाई खाना खरिद गर्न सहयोग गर्न सक्छ ।

यस वर्ष COVID का कारण स्कुल बन्द हुने र विद्यार्थी अनुपस्थित हुने घटना कम भएकाले P-EBT फरक ढङ्गले सञ्चालित हुने छ ।

म P-EBT प्राप्त गर्न योग्य छु या छुइनँ भनेर मैले कसरी थाहा पाउने ?

निम्न कुराका आधारमा P-EBT का लागि योग्यता* निर्धारण गरिन्छ:

- राष्ट्रिय स्कुल भोजन कार्यक्रममा तपाईंको स्कुलको सहभागिता
- तपाईंको विद्यार्थीको निःशुल्क वा सुपथ-मूल्य स्कुल भोजनको स्थिति
- COVID-19 का कारण स्कुल बन्द भएको वा तपाईंको विद्यार्थी COVID-19 का कारण अनुमति लिएर अनुपस्थित रहेकाले स्कुलमा विद्युतीय माध्यमबाट अध्ययनमा सहभागी भएको दिनको संख्या

P-EBT लाभ प्रति विद्यार्थी प्रति दिन $7.10 हुन्छ ।

**यदि तपाईं निःशुल्क वा सुपथ मूल्यको भोजनको लागि आवेदन दिन चाहनुहुन्छ भने हामी तपाईंलाई आफ्नो स्थानीय स्कुललाई सम्पर्क गर्न प्रोत्साहित गर्दछौं । तपाईंले मे 6, 2022 भित्र अनलाइनमार्फत आफ्नो स्कुलमा शैक्षिक वर्ष 2021-2022 का लागि आवेदनहरू पेस गर्नुपर्छ वा सो मितिभित्र पोस्टमार्क गर्नुपर्छ ।* भोक विरुद्ध युटाबासी (Utahns Against Hunger) *(https://www.uah.org/get-help/school-meals) मा तपाईंको स्कुललाई सम्पर्क गर्ने टुल दिइएको छ ।*

मैले P-EBT का लागि आवेदन दिनुपर्छ ?

यदि कुनै योग्य विद्यार्थीको स्कुल शैक्षिक वर्ष 2021-2022 को अवधिमा COVID-19 को कारणले बन्द भयो भने आवेदन पेस गर्नु पर्दैन । स्कुल बन्द भएका दिनका लागि विद्यार्थीले स्वतः P-EBT लाभ प्राप्त गर्ने छन् ।

यदि कुनै विद्यार्थीले स्कुल बन्द नभएको दिन COVID-19 को कारण बिदा मागेर स्कुल गएनन् भने ती दिनका लागि P-EBT लाभ प्राप्त गर्न स्कुलमा आवेदन पेस गर्नुपर्छ । थप जानकारीका लागि कृपया आफ्नो स्कुललाई सम्पर्क गर्नुहोस् ।

P-EBT लाभहरू कसरी भुक्तानी गरिने छ ?

सेप्टेम्बर 2021 देखि शैक्षिक वर्षको चालु महिनासम्म SNAP प्राप्त गर्ने र P-EBT का लागि योग्य हुने सबैले आफ्नो EBT कार्डमा रहेको मौज्दात हेर्नुपर्छ । P-EBT लाभ SNAP EBT कार्डमा थप गरिने छ ।

SNAP प्राप्त नगर्ने परिवारहरूको हकमा, यदि तपाईं योग्य हुनुहुन्छ र पहिले P-EBT प्राप्त गर्नुभएको थियो भने, तपाईंका लाभहरू तपाईंको विद्यमान P-EBT कार्डमा थपिने छ । यदि तपाईंसँग यो कार्ड छैन भने नयाँ कार्ड कसरी मगाउने भन्ने सम्बन्धमा निर्देशनहरू प्राप्त गर्नका लागि तल दिइएको बारम्बार सोधिने प्रश्नहरू (FAQ) खण्ड हेर्नुहोस् । तपाईंको आवेदन स्वीकृत भएपछि तपाईं पत्राचारमार्फत P-EBT कार्ड प्राप्त गर्नुहुने छ ।

म P-EBT कार्ड कसरी प्रयोग गर्न सक्छु ?

नयाँ कार्ड चाहिएमा, तपाईंले आफ्नो कार्ड प्रयोग गर्नुअघि त्यसलाई सक्रिय गर्नुपर्ने हुन्छ । तपाईं यसलाई खाना खरिद गर्न प्रयोग गर्न सक्नुहुने छ ।

आफ्नो कार्ड प्रयोग गर्दा तल दिइएका चरणहरूको पालना गर्नुहोस्:

- किनमेल गर्नुअघि आफ्नो पिन चयन गरेर आफ्नो कार्ड सक्रिय गर्नुहोस् । तपाईं आफ्नो कार्डका लागि पिन सेट गर्ने तरिकाका बारेमा निर्देशनहरू प्राप्त गर्नुहुने छ ।
- connectebt मोबाइल एप डाउनलोड गर्नुहोस् वा connectebt.com वेबसाइटसँग परिचित हुनुहोस् ।
- किनमेल गर्नुअघि जहिले पनि आफ्नो मौज्दात रकम जाँच गर्नुहोस् ।
- स्टोरमा, कार्ड रिडर मेसिनमा EBT छनोट गर्नुहोस् र आफ्नो कार्ड स्वाइप गर्नुहोस् ।
- किप्याडमा आफ्नो पिन हाल्नुहोस् । मेसिनले **** देखाउने छ ।
- OK वा ENTER की थिच्नुहोस् ।
- क्यासियरले खरिद रकम हाल्ने छन् र उक्त रकम कार्ड रिडर मेसिनमा देखिने छ ।
- यदि रकम सही छ भने, YES की थिच्नुहोस् ।
- क्यासियरले तपाईंलाई तपाईंको रसिद प्रदान गर्ने छन् । कृपया रसिदमा उल्लेख गरिएको जानकारी सही छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।
- अर्को पटक खरिद गर्दा आफ्नो नयाँ मौज्दात थाहा पाउन सजिलो होस् भनेर यो रसिद आफूसँगै राख्नुहोस् ।

खाना बेच्ने अधिकांश स्टोरहरूमा P-EBT कार्डलाई डेबिट कार्डको रूपमा प्रयोग गर्न सकिन्छ । तपाईं रिटेलर लोकेटर मा आफ्नो जिप कोड हालेर तपाईंको क्षेत्रमा रहेका स्वीकृत स्टोरहरूको सूची हेर्न सक्नुहुन्छ ।
तपाईंले खरिद गर्न सक्ने र नसक्ने सामानहरूको सूची तल दिइएको छ ।

तपाईं निम्नलगायतका काँचो (तयार नगरिएका) खानाहरू किन्न सक्नुहुन्छ:

- ब्रेड र सिरियल
- फलफूल र तरकारीहरू
- मासु, माछा र पोल्ट्री
- दुधजन्य उत्पादनहरू
- खाद्य पदार्थ उब्जाउन बोटबिरुवा र बीउबिजन

तपाईं निम्नलगायतका सामान किन्न पाउनुहुन्न:

- तयार खाना, अर्थात्, हट फुड र पसलमै खान सकिने खाद्य पदार्थ
- बियर, वाइन, मदिरा, चुरोट वा सुर्ती
- गैर-खाद्य वस्तुहरू, जस्तै, घरपालुवा जनावरको खाना, साबुन, कागजका उत्पादनहरू, सरसफाइ सामग्री
- भिटामिन र औषधिहरू
- व्यक्तिगत सरसफाइका लागि प्रयोग गरिने सामग्रीहरू, अर्थात् स्याम्पु, अत्तर, मञ्जन, सौन्दर्य सामग्री

तपाईंले P-EBT बाट थप अनुदान प्राप्त गरेको खण्डमा उक्त अनुदान प्रयोग गर्न सकियोस् भनेर P-EBT कार्ड सुरक्षित रूपमा राख्नुहोस् ।

ग्रीष्मकालीन P-EBT

2022 का लागि ग्रीष्मकालीन P-EBT कार्यक्रम अझै स्वीकृत भइसकेको छैन । कृपया भविष्यमा थप जानकारीका लागि यो वेबसाइट हेर्नुहोस् ।

बारम्बार सोधिने प्रश्नहरू

मेरो बच्चा P-EBT लाभका लागि योग्य छन् कि छैनन् भनेर म कसरी थाहा पाउन सक्छु ?

नि:शुल्क वा सुपथ-मूल्यको भोजनका लागि योग्य र शैक्षिक वर्ष 2021-22 का लागि आफ्नो स्कुल डिस्ट्रिक्टबाट (नास्ता र/वा दिउँसोको खानाको) सूचना प्राप्त गरेका कुनै पनि विद्यार्थीले निम्न अवस्थामा P-EBT भुक्तानी प्राप्त गर्न सक्ने छन्:

उनीहरूको स्कुल बन्द थियो, जसले गर्दा विद्यार्थीहरूले स्कुलको खाना प्राप्त गर्न सकेनन्

वा

विद्यार्थी(हरू)लाई शैक्षिक वर्ष 2021-2022 मा COVID-19 सँग सम्बन्धित आपत्कालीन अवस्था आइपरेको थियो वा अनुमति लिएर अनुपस्थित रहनुपरेको थियो ।

हाल, युटा स्कुलहरूले सिमलेस समर विकल्पअन्तर्गत राष्ट्रिय स्कुल भोजन कार्यक्रममा भाग लिइरहेका छन् र कुनै पनि विद्यार्थीबाट खानाको शुल्क लिइरहेका छैनन् । यसको अर्थ तपाईंको परिवार नि:शुल्क वा सुपथ-मूल्यको भोजनका लागि योग्य हुन्छ भन्ने होइन ।

के यस कार्यक्रमका लागि आवेदन दिनुपर्छ ?

यदि तपाईंको स्कुल COVID-19 का कारण बन्द भएको थियो भने P-EBT का लागि आवेदन दिनुपर्दैन, तर तपाईंले P-EBT मा सहभागी हुनका लागि नि:शुल्क वा सुपथ-मूल्यको स्कुल भोजनका लागि नाम दर्ता गरेर तपाईंलाई योग्य भएको बारेमा सूचित गरिएको पत्र प्राप्त गर्नुपर्ने हुन्छ । यदि तपाईं नि:शुल्क वा सुपथ मूल्य भोजनको लागि आवेदन दिन चाहनुहुन्छ भने हामी तपाईंलाई आफ्नो स्थानीय स्कुललाई सम्पर्क गर्न प्रोत्साहित गर्दछौं ।

- नि:शुल्क वा सुपथ-मूल्यको स्कुल भोजनका लागि आवेदन दिने अन्तिम मिति मे 6, 2022 हो । नि:शुल्क वा सुपथ-मूल्यको स्कुल भोजनका लागि आवेदनहरू यस मितिभित्र तपाईंको स्कुलमा अनलाइन पेस गरिनुपर्छ वा सो मितिभित्रको पोस्टमार्क गरिएको हुनुपर्छ । भोक विरुद्ध युटाबासी (Utahns Against Hunger) (https://www.uah.org/get-help/school-meals) मा तपाईंको स्कुललाई सम्पर्क गर्ने टुल दिइएको छ ।

यदि तपाईंको विद्यार्थीको स्कुल बन्द भएको छैन वा तपाइँको विद्यार्थी COVID-19 को कारणले फरक समयमा अनुपस्थित थिए भने तपाईंको विद्यार्थीको स्कुलमा आवेदन पेस गर्नुपर्ने हुन्छ ।

मैले कति रकम प्राप्त गर्ने छु ?

प्रत्येक योग्य विद्यार्थीका लागि P-EBT को दैनिक दर $7.10 हो ।

उदाहरणका लागि, यदि तपाईंको विद्यार्थी योग्य छन् र तपाईंको स्कुल 5 दिनसम्म बन्द थियो भने तपाईंले ती 5 दिन कभर गर्न एक जना विद्यार्थी बराबर $35.50 प्राप्त गर्नुहुने छ । यो रकम स्वतः भुक्तानी गरिने छ ।

यदि तपाईंको विद्यार्थी योग्य छन् र उनी COVID-19 को कारणले विद्यालयका कारण स्कुल बन्द हुनुभन्दा फरक समयमा 3 दिनसम्म अनुपस्थित भएका थिए भने, तपाईंले प्रति तपाईं एक जना विद्यार्थी बराबार $21.30 प्राप्त गर्नुहुने छ । विद्यार्थी स्कुल बन्द नभएको समयमा अनुपस्थित भएकाले गर्दा यस रकमका लागि अभिभावकले आवेदन दिनुपर्ने हुन्छ ।

मेरो बच्चाले यी सुविधाहरू कसरी प्राप्त गर्ने छन् ?



P-EBT लाभहरू डेबिट कार्ड जस्तै EBT कार्डमा निकासा गरिने छ । यदि तपाईंसँग पहिले नै SNAP EBT कार्ड छ र तपाईं P-EBT लाभका लागि योग्य हुनुहुन्छ भने यो रकम स्वतः तपाईंको कार्डमा निकासा गरिने छ ।

तपाईंको कार्ड प्रयोग गर्ने तरिकाका बारेमा निर्देशनहरू प्राप्त गर्नका लागि कृपया माथि दिइएको "P-EBT कार्ड प्रयोग गर्ने तरिका" खण्ड हेर्नुहोस् ।

यी लाभहरू कहिले उपलब्ध हुने छन् ?

P-EBT लाभहरूको वितरण जुन 2022 मा सुरु हुने छ । स्कुल र डिस्ट्रिक्टहरूले उनीहरूको P-EBT भुक्तानी विभिन्न समयमा अनुरोध गर्ने छन् । तपाईं आफ्ना लाभहरू कहिले प्राप्त गर्न सक्छु भन्ने बारेमा थप जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने कृपया आफ्नो स्कुलमा सम्पर्क गर्नुहोस् । तपाईं P-EBT लाभहरूका लागि आफ्नो कार्डमा पनि जाँच्न सक्नुहुन्छ ।

के ती पूर्वगामी (रेट्रोएक्टिभ) हुन्छन् ?

लाभहरू चालु शैक्षिक वर्ष 2021-2022 का लागि मात्र हुन् । यदि तपाईं नि:शुल्क वा सुपथ-मूल्यको भोजनका लागि आवेदन दिन र तपाईं योग्य हुने समयावधिको बारेमा छलफल गर्न चाहनुहुन्छ भने हामी तपाईंलाई आफ्नो स्थानीय स्कुलमा सम्पर्क गर्न प्रोत्साहित गर्दछौं । भोक विरुद्ध युटाबासी (Utahns Against Hunger) (https://www.uah.org/get-help/school-meals) मा तपाईंको स्कुललाई सम्पर्क गर्ने टुल दिइएको छ ।

म P-EBT कार्ड कहाँ प्रयोग गर्न सक्छु ?

तपाईं SNAP EBT कार्डहरू स्वीकार गर्ने कुनै पनि खुद्रा खाद्य स्टोरमा P-EBT कार्ड प्रयोग गर्न सक्नुहुने छ । यूटामा EBT कार्ड प्रयोग गरेर SNAP खरिद गर्न र प्रक्रिया गर्न सक्ने 1,400 भन्दा बढी स्वीकृत खुद्रा बिक्रेताहरू छन् । यी खुद्रा बिक्रेताहरूमा सुपरमार्केटदेखि कन्भेनियन्स स्टोर र किसान बजारहरूसम्म पर्दछन् । तपाईं रिटेलर लोकेटर मा आफ्नो जिप कोड हालेर तपाईंको क्षेत्रमा रहेका स्वीकृत स्टोरहरूको सूची हेर्न सक्नुहुन्छ ।

मेरो बच्चाले P-EBT प्राप्त गरिरहेका बेला उनको स्कुलको गृष्मकालीन भोजन कार्यक्रम पनि प्रयोग गर्न सक्छन् ?

हो, P-EBT कार्यक्रममा भाग लिनाले तपाईंका बच्चा (हरू) को गृष्मकालीन भोजन कार्यक्रम वा आगामी नि:शुल्क वा सुपथ-मूल्य भोजन योग्यतालाई कुनै असर गर्दैन ।

के P-EBT लाई सार्वजनिक भारको रूपमा गणना गरिने छ ?

होइन, यी लाभहरूको प्रयोगले तपाईंको वा तपाईंको बच्चा (हरू) को आप्रवासको स्थितिमा असर गर्दैन । सार्वजनिक भार परीक्षणमा P-EBT लाभ गणना गरिने छैन ।

यी लाभहरू कति समयसम्मको लागि मान्य हुन्छन् ?

तपाईंले यी लाभहरू जारी भएको मितिले 274 दिनभित्र प्रयोग गरिसक्नुपर्ने छ ।

म अर्को ठाउँमा सरेँ भने के हुन्छ ?

कृपया तपाईंका हरेक विद्यार्थीका लागि आफ्नो स्कुलसँग तपाईंको सही पत्राचार ठेगाना सूचीबद्ध रहेको कुरा सुनिश्चित गर्नुहोस् । यदि तपाईंले आफ्नो P-EBT कार्डसँग सम्बन्धित ठेगाना परिवर्तन गर्नुपर्ने छ भने, कृपया तलको खण्डमा हेर्नुहोस् र आफ्नो सम्पर्क इमेलमा अनुरोध गरिएको जानकारी समावेश गर्नुहोस् ।

यदि मैले बारम्बार सोधिने यी प्रश्नहरूमा मेरा उत्तर फेला पार्न सकिनँ भने म कसलाई सम्पर्क गर्न सक्छु ?

तपाईं योग्यतासम्बन्धी निम्नलगायतका प्रश्नहरूका लागि आफ्नो स्कुलमा सम्पर्क गर्न सक्नुहुन्छ:

> मेरो स्कुलले P-EBT भुक्तानीका लागि आफ्नो अनुरोध पेस गरेको छ ?
> के उक्त अनुरोधमा मेरो बच्चालाई समावेश गरिएको थियो ?
> के मेरो बच्चा P-EBT का लागि योग्य थिए ?

तपाईंले आफ्नो P-EBT कार्ड बदल्नुपर्ने छ, तपाईंको PIN सेटअप गर्न समस्या भइरहेको छ वा तपाईंको पत्राचार ठेगाना अद्यावधिक गर्नुपर्ने छ भने:

- निम्न जानकारी उल्लेख गरेर PEBT@utah.gov मा इमेल पठाउनुहोस्:
    - विषय: PEBT कार्डसम्बन्धी समस्याहरू
    - इमेलको मुख्य भाग:
        - तपाईंको समस्याको विवरण
        - सबै बच्चाहरूको नाम, थर
        - सबै बच्चाहरूका जन्म मिति
        - प्रत्येक बच्चाका लागि विद्यार्थी ID नम्बरहरू (यो आवश्यक छैन तर खाताहरू पत्ता लगाउन सबैभन्दा सटीक हुन्छ)
        - अपार्टमेन्ट, लट, एकाइ नम्बर र जिप कोडलगायतका तपाईंको पूरा पत्राचार ठेगाना
        - स्कुलमा सूचीबद्ध भएबमोजिम तपाईंको नाम
        - तपाईंको सम्पर्क विवरण

DEPARTMENT OF WORKFORCE SERVICES

स्कुल जाने उमेरका बालबालिकाका लागि

युटा महामारी EBT (P-EBT) योग्यता

यो फ्लोचार्ट युटाका परिवारहरूलाई उनीहरूका विद्यार्थी शैक्षिक वर्ष 2021-2022 मा P-EBT का लागि योग्य भए-नभएको कुरा निर्धारण गर्न सघाउने प्रयोजनका लागि डिजाइन गरिएको हो । यस कागजातले लाभको ग्यारेन्टी गर्दैन तर यसलाई शैक्षिक र जानकारीमूलक सामग्रीको रूपमा प्रयोग गरिनुपर्दछ ।

के तपाईंका विद्यार्थी राष्ट्रिय स्कुल भोजन कार्यक्रम (NSLP) मा सहभागी हुने स्कुलमा अध्ययन गर्छन् ?

हो

के तपाईंका बच्चा सामुदायिक योग्यता प्रावधान (CEP) वा प्रावधान 2 मा सहभागी स्कुलमा अध्ययन गर्दछन् ?

वा

के तपाईंको परिवारले तपाईंको स्कुलमा नि:शुल्क वा सुपथ-मूल्यको भोजनको आवेदन पूरा गरेको छ र योग्य भनी निर्धारण गरिएको छ ? तपाईंको स्कुल डिस्ट्रिक्टमा यी आवेदनहरू पेस गर्ने अन्तिम मिति: मे 6, 2022 ।

र

के तपाईंले शैक्षिक वर्ष 2021-2022 का लागि आफ्नो नि:शुल्क वा सुपथ-मूल्य स्थिति बारे सूचित गरिएको पत्र प्राप्त गर्नुभयो ?

हो

लाभ स्तरहरू COVID-19 को कारणले स्कुल बन्द भएकाले कुनै योग्य विद्यार्थीले भौतिक उपस्थितिमा शिक्षण प्राप्त नगरेको दिनको सङ्ख्याका आधारमा निर्धारण गरिन्छ

वा

कुनै विद्यार्थी अनुमति लिएर COVID को कारणले अनुपस्थित हुनाले स्कुल जान नसकेका दिनको सङ्ख्या

होइन

यीमध्ये कुनैमा

होइन

दुर्भाग्यवश, तपाईंका विद्यार्थी शैक्षिक वर्ष 2021-2022 मा P-EBT का लागि योग्य हुने छैनन् । कृपया सम्भावित स्रोतहरूको सूचीका लागि jobs.utah.gov हेर्नुहोस् वा तपाईंको परिवारलाई तत्काल खाद्य सहयोग चाहिएको छ भने 211 मा फोन गर्नुहोस् ।

के तपाईंका विद्यार्थी अनलाइन वा भर्चुअल शैक्षिक वातावरणमा भर्ना भएका छन् ?

हो

युटाका भर्चुअल पब्लिक स्कुलहरू राष्ट्रिय स्कुल भोजन कार्यक्रम (NSLP) मा सहभागी हुँदैनन् । तपाईं P-EBT का लागि योग्य हुनुहुने छैन ।

यदि तपाईं चार्टर स्कूलमा भर्ना हुनुभएको छ भने थप जानकारीका प्राप्त गर्नका निम्ति कृपया आफ्नो स्कुलमा सम्पर्क गर्नुहोस् ।

शैक्षिक वर्ष 2021-2022 **को अवधिमा आम्दानी स्थिति** जस्तोसुकै भए पनि सबै विद्यार्थीहरूले उनीहरूले स्कुलमा गएको हरेक दिन एक पटक नि:शुल्क खाजा र एक पटक नि:शुल्क खाना प्राप्त गर्न सक्छन् । यसले विद्यार्थीहरूलाई P-EBT का लागि योग्य बनाउँदैन वा विद्यार्थीलाई नि:शुल्क - सुपथ-मूल्यको भोजन प्राप्त गर्ने हैसियत प्रदान गर्दैन ।

समान अवसर/रोजगारदाता • 801-526-9240 मा फोन गरेर अनुरोध गरेको खण्डमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक उपकरणहरू (समायोजन) र सेवाहरू उपलब्ध हुन्छन् । श्रवणहीन, कान कम सुन्ने वा बोल्न नसक्ने व्यक्तिहरूले 711 डायल गरेर रिले यूटालाई फोन गर्न सक्छन् । स्पेनिस रिले युटा: 1-888-346-3162.

Utah State Board of Education